# अबलोकन भ्रमण, म्यानमार

## २०६६।१२।५ देखि २०६६।१२।१२ सम्म



प्रस्तुतकर्ता

तुलसा सेढाई
शाखा अधिकृत
शान्ति तथा पुनर्निर्माण मन्त्रालय

( प्रतिवेदनमा उल्लिखित विचार तथा सूचनाहरु प्रतिवेदकका आफ्नै अभिव्यक्तिहरु हुन् । )

## संक्षेपमा भ्रमणको विवरण

- माननीय राज्य मन्त्रीज्यूको नेतृत्व
- म्यानमारको राजधानी याङ्गुनमा भ्रमण केन्द्रीत रहेको ।
- नेपिटो हालसालै राजधानी सारीएको सहर माण्डले लगायत मेमो आदि शहरमा भ्रमण केन्द्रीत रहेको थियो ।
- भ्रमणका क्रममा म्यानमार स्थित नेपाली राजदुतावासको उल्लेखनीय सहयोग रहेको थियो
- भ्रमणको उदेश्य अवलोकन तथा दुई देश बीचको शान्ति प्रकृयाका बारेमा अनुभव आदान प्रदान गर्ने रहेको थियो
- भ्रमण दलबाट म्यानमारका परराष्ट्र मन्त्री तथा समाज कल्याण मन्त्रीसंग भेटघाट गरी शान्ति निर्माण तथा विकासका विभिन्न पक्षमा अनुभवको बारेमा भनाई राखिएको ।

## द्वन्द्वको सन्दर्भ

- म्यानमारमा द्धन्द भएर पनि खास गरी भौतिक पूर्वाधारको विकासमा निकै अघि बढेको र व्यवस्थित शहरीकरण सम्बन्धमा कुराकानी भएको ।
- द्धन्द निवारणको लागि राजनितिक लगायत आर्थिक तथा सामाजिक विषय महत्वपुर्ण रहेको कुरा व्यक्त । द्धन्द पछिको अवस्थामा सबै विषयलाई एक साथ लान सकेमा मात्र समाजमा शान्ति कायम हुनसक्ने भनाइ ।
- दन्द्धमा संलग्न सबै समुहलाई सामाजिक सुरक्षा र आर्थिक रुपमा सबल बनाउने किसिमका कार्यकम सरकारले ल्याएको । त्यस्ता कार्यकमहरुमा खास गरी महिलालाई रोजगारी, बालबालिकाहरुको संरक्षण, पिछिडिएको वर्ग लाई शिक्षा तथा रोजगारीमा अवसर जस्ता विषयमा प्राथमिकता दिइएको ।
- यस्तो रोजगारी र क्षमता विकासको कार्य पुननिर्माणको कार्य संगसंगै प्रारम्भ गरिएको ।
- हाल सबै समुह मिलेर बसेको अबस्था रहेकोले शान्त बातावरण रहेको । समाजमा पनि विद्रोही र जनताहरुकाबीच त्रासको बातावरण नरहेको । खास गरी म्यानमारको conflict political नभएर समुहको दङ्गा भएकोले समाधानमा सहजता आएको ।

## अन्य विषय

- म्यानमार र नेपालबीचको सम्बन्ध स्थापना भएको ५० वर्ष पुरा भएको अवसर परेको हुदा स्वर्ण जयन्ती को अवसरमा दुवै पक्षबाट समान जीवन पद्धति, सामाजिक बनावट, संस्कृति तथा भावनात्मक प्रेमका बारेमा चर्चा ।
- करिव ३ लाख नेपाली बसोबास गर्ने भएता पनि नेपाली प्रतिको दृष्टिकोण, व्यवहार र कर्तव्यबोध निकै प्रशंसनीय रहेको, यसको कारण हाम्रा पुर्खाहरुले बर्माको पक्षमा लडाई लडेर प्राप्त गरेको विजय नै भएको कुरा सम्बन्धित पक्षबाट व्यक्त ।
- म्यानमारमा भएको द्धन्द खास गरी कुनै राजनैतिक दलबाट संचालन भएको नभएर कुनै निश्चित समुहबाट संचालित भएको, जम्मा १९ समुहबाट द्धन्द चर्काइएकोमा १७ समुहसंग वार्ता गरी समस्या समाधान गरिएको तर दुई समुहसंग सरकारले वर्ता नगरेको अवस्था ।

## देखेका र भोगेका अनुभवहरु

- शैनिक शासनबाट राज्य संचालन भएको हुदा केन्द्रीकृत शासन रहेको । गैरकानुनी कृयाकलाप र अपराधिक गतिविधिमा उल्लेख्य रुपमा सुधार रहेको
- भारत र चीनसंगका घनिष्ट सम्बन्ध विस्तारले व्यापार लगायत अन्य क्षेत्रमा सहयोग रहेको । करिब ५० भन्दा बढी मुलुकका विभिन्न संस्थावाट लगानी भएको ।
- ९६ प्रतिशत बौद्ध धर्मावलम्बी भएको मुलुक हुनाले करिब ४८००० वौद्ध स्तुपाहरु रहेको ।
- धार्मिक पर्यटनलाई उच्च प्राथमिकताका साथ प्रवर्धन गरिएको ।
- मुस्लिमको मक्का मदिना जस्तै नेपालको लुम्बिनीलाई धार्मिक स्थलका रुपमा विकास गर्न सके म्यानमारका करिव १ लाख जनता वर्षेनी लुम्बिनी आउन सक्ने कुरा म्यानमारले उठाएको हुनाले कुटनैतिक सम्बन्धलाई प्रगाढ बनाई नेपालको पर्यटन विकासलाई अगाडि बढाउन राज्यले पहल गर्नुपर्ने ।
- लामो समय पश्चात राजधानी सार्ने परम्परा र प्रयोगका कारण मुलुकको सबै क्षेत्रमा विकास हुने, शरहको स्थापना तथा भौतिक पुर्वाधारहरुको निर्माण, शैक्षिक केन्द्रहरुको उपलव्धता  जस्ता पक्षहहरुमा जनताको पहुंच पुग्ने तथा हरियाली तथा आर्थिक गतिविधिमा वृद्धि हुने  ।

## क्रमश:

- land use plan लागु गरेको हुनाले खासगरी शहरी इलाकामा जथाभावी बसोबास नभएको, खुल्ला मैदान, पार्क, हरियाली बगैंचा स्थापना गरिएको, जसबाट शहरको सुन्दरतामा बृद्धि भएको ।
- म्यानमारको सैनिक सेवामा रहेर विभिन्न विश्वयुद्धमा बीरगति प्राप्त गरेका वीर गोरखाली सैनिकहरुको सम्झनामा व्यवस्थित ढङ्गले पार्कको स्थापना गरी पार्कभित्र प्रत्येक सैनिकको स्तम्भहरु निर्माण गरी नाम, पद र ठेगाना सहित उल्लेख गरिएको ।
- विभिन्न संघ संस्थासंग आवद्ध नेपालीहरुसंग माण्डलेमा भेटघाटको आयोजना भएको ।
- नेपालमा भएको द्वन्द्वप्रति दु:ख व्यक्त गरिएको र नेपालप्रति वर्मामा रहेका प्रवासी नेपालीहरुको माया आफैंमा पूर्ण भएको कुरा व्यक्त  गरिएको ।
- मा. राज्यमन्त्रीज्यूबाट नेपालको शान्ति स्थापना गर्ने कार्यमा बर्मेलीहरुको प्रेमको सन्देशले पनि बल पुऱ्याउने कुरा व्यक्त गरिएको ।
- नेपालभन्दा करिव ६ गुना ठूलो मुलुक भएपनि जनसंख्या करिव नेपालको जस्तै रहेको ।
- सरकारका महत्वपूर्ण पदमा नेपालीहरु नरहेको ।

## म्यानमारबाट सिक्न सकिने कुराहरु

- जनताको जीउ धनको सुरक्षाप्रति सरकारको संवेदनशीलता
- देशको बलिदान गर्ने शहीदहरुको सम्मान
- धार्मिक पर्यटनको प्रवर्द्धन
- योजनाबद्ध भौतिक पूर्वाधारको विकास
- शहर व्यवस्थापन तथा सरसफाई
- सरल जीवन शैली

अन्त्यमा, म्यानमारका जनताभन्दा म्यानमार धनी रहेछ ।